२०७७।०४।१०

श्रीमान् त्रय अध्यक्षज्यू
राष्ट्रिय प्रजातन्त्र पार्टी
केन्द्रीय कार्यालय, काठमाडौं

विषय : संयुक्त राजिनामा ।

महोदय,

तीन दशकअघि मुलुकमा राप्रपा स्थापना हुँदा राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक जगमा एउटा वैकल्पिक प्रजातान्त्रिक पार्टी बनाउने र राजनीतिक परिवर्तनलाई आत्मसात गरेर मुलुक र जनताको आकांक्षा सम्बोधन गर्ने लक्ष्यका साथ हामी राप्रपामा आबद्ध रही क्रियाशील रहँदै आएको सर्वविदितै छ । पार्टीले संस्थापक अध्यक्ष स्व. सूर्य बहादुर थापाको नेतृत्वमा उदार प्रजातान्त्रिक दृष्टिकोण एवं परिवर्तनलाई आत्मसात् गर्ने नीतिको अनुशरण गर्दा राप्रपा कुनै समय देशको तेस्रो ठूलो दल तथा सही अर्थमा बैकल्पिक प्रजातान्त्रिक शक्ति भएको तथ्य पनि हाम्रा सामू जग जाहेरै छ ।

राप्रपाले मुलुकमा समय समयमा भएका परिवर्तनलाई सहजताका साथ आत्मसात् गर्दै अग्रगामी मार्ग अवलम्बन गर्दै आएको थियो । राप्रपा समय समयका टुटफूट र गूटका निरन्तर श्रृंखलाहरु पार गर्दै  पहिलो तथा दोस्रो संविधानसभा निर्वाचनमा निशर्त सहभागी बन्यो । दोस्रो संविधानसभाले निर्माण गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणमा पार्टी सक्रिय सहभागी भएको र त्यसको अपनत्व र स्वामित्व लिँदै संविधान कार्यान्वयनका लागि गणतान्त्रिक संविधान अन्तर्गत गठित सरकारहरुमा सहभागी हुँदै आएको हो । यसरी राप्रपा परिवर्तनको प्रबाहमा समाहित हुँदै प्रजातान्त्रिक मूल्य र मान्यताको अडानमा स्पष्टरुपमा उभिँदै आएको सर्व विधितै छ ।

तर, पार्टीका संस्थापक अध्यक्ष सूर्य बहादुर थापाको निधन पश्चात् पार्टीले सवल नेतृत्व मात्रै गुमाएन, पार्टीको सैद्धान्तिक र वैचारिक मान्यतामा पनि विचलन देखा परेको  छ । जसका कारण पार्टी दिशाहिन बनेको छ । संविधान निर्माणमा निशर्त भूमिका निर्वाह गरेको, संविधानलाई उत्कृष्ट भनी सत्तामा सहभागी भएको अनि आफ्नै ढुलमुले नीतिका कारण जनमत गुमाएपछि  संविधानप्रति असहमति जनाउने कार्य अहिले पनि भइरहेको छ । स्वार्थ र परिस्थिति अनुकुल विचार सिद्धान्त र दृष्टिकोण परिवर्तन हुँदा राप्रपाप्रति आमरुपमा विश्वास समाप्त भएको मात्र छैन, संस्थापकहरुको सपनामा पनि आघात पुगेको छ । राप्रपाको द्बेध मनस्थिति र ढुलमुले दृष्टिकोणका कारण पछिल्लो निर्वाचनमा पार्टीले निराशाजनक पराजय भोग्नुपरेको थियो ।

भागबण्डा मिलाएर पार्टी एकता पछि पनि त्यही अस्पष्ट दृष्टिकोण कायम छ भने एकतापछिको सचिवालय कार्य व्यवस्था समिति सहित विभिन्न निकायको गठनमा समावेशीतालाई पुरै वेवास्ता गरिएको छ । पार्टीको सबैभन्दा महत्वपूर्ण समितिमा महिला, मधेशी, थारु र दलितको प्रतिनिधित्व हुन सकेको छैन । मधेशी समुदायको प्रतिनिधित्वलाई उपेक्षा गरिएको छ । एकता पश्चात बनेको केन्द्रिय कार्य समितिमा लामो समयदेखि केन्द्रीय कार्य समितिमा रही योगदान पुऱ्याएका महत्वपूर्ण साथीहरुलाई समेत समावेश नगरिएको तथ्यले समितिहरुको गठनमा क्षेत्रगत असन्तुलन र विभेद प्रष्टै देखिएको छ । देशको संविधान, कानुन र पार्टीको विधानले निर्दिष्ट गरेको समावेशी सिद्धान्तको पालना भएको छैन भने कैयौं जिल्लालाई केन्द्रिय प्रतिनिधित्वबाट नै वञ्चित गरिएको छ ।

पार्टी, संस्थापकहरुले देखाएको सपना, परिवर्तनप्रति पार्टीको प्रतिबद्धता र आम जनमत विपरित पार्टी गएकोमा हामीले विगतमा निरन्तर खबरदारी गर्दै आएको पार्टी पंक्ति जानकार नै छ । तर पार्टी नेतृत्व पुनः ढुलमुले दृष्टिकोणमा अघि बढिरहँदा पार्टी एकीकरणपछि पनि आम आकर्षण नबढेको यथार्थ हो । हामीले यस सन्दर्भमा आफ्ना धारणा निरन्तर राख्दै आयौं र नेतृत्व जनमतको प्रतिकुल दिशामा सहभागी भइरहेपछि हामी जनमतको अपमान हुने कार्यमा साथ दिन नसक्ने निस्कर्षमा पुगेका छौं । उदार प्रजातन्त्रिक दृष्टिकोणको रक्षार्थ र मुलुकमा लोकतान्त्रिक पद्दतिका पक्षमा निरन्तर रहने गरि हामी आजका मितिदेखि राप्रपाको सबै तहका पद र जिम्मेवारीबाट अलग रहने घोषणा गर्दछौं ।

अन्त्यमा, नेतृत्व वर्ग र समग्र पार्टी पंक्तिबाट विगतमा प्राप्त भएको सद्भाव प्रति हामी कृतज्ञता जनाउन चाहन्छौं । लामो समयसम्म पार्टीका विभिन्न तह र तप्कामा रही प्रतिकुल तथा अनुकुल समयमा हामीलाई साथ र सहयोग गर्नुहुने सम्पूर्ण साथीभाइहरुमा हार्दिक आभार व्यक्त गर्दछौं । धन्यवाद,

| सि.नं. | नाम, थर | जिल्ला | हालको पद |
|---|---|---|---|
| १ | सुनिल बहादुर थापा | धनकुटा | उच्च स्तरिय कार्य सम्पादन समिति सदस्य एवं पूर्व महामन्त्री, राप्रपा, (पूर्व मन्त्री उद्योग वाणिज्य) |
| २ | विष्णु विक्रम थापा | सिन्धुपाल्चोक | उच्चस्तरिय कार्य सम्पादन समिति सदस्य, राप्रपा, पूर्व गृह राज्य मन्त्री |
| ३ | बाबुराम बस्नेत | भोजपुर | उच्चस्तरिय कार्य सम्पादन समिति सदस्य एवं सचिवालय सदस्य, राप्रपा |

| सि.नं. | नाम, थर | जिल्ला | हालको पद |
|---|---|---|---|
| ४ | बृजलाल यादव | बारा | उच्चस्तरिय कार्य सम्पादन समिति सदस्य एवं पूर्व सहायक महामन्त्री |
| ५ | पदम बहादुर बस्नेत | धनकुटा | केन्द्रीय सदस्य, पूर्व जिल्ला सभापति धनकुटा |
| ६ | किरण गिरी | काठमाडौं | केन्द्रीय सदस्य एवं प्रवक्ता, राप्रपा |
| ७ | दिलिप राई | झापा | केन्द्रिय सदस्य |
| ८ | आशाराम चौधरी | कैलाली | केन्द्रीय सदस्य |
| ९ | चन्द्र कुमार घुण्डे गुरुङ | संखुवासभा | केन्द्रीय सदस्य, राप्रपा |
| १० | श्रीमती राज्य लक्ष्मी श्रेष्ठ | नुवाकोट | संविधान सभा सदस्य |
| ११ | चतुरमान विश्वकर्मा | झापा | केन्द्रीय सदस्य |
| १२ | राम पदारथ शाह | सर्लाही | केन्द्रीय सदस्य |
| १३ | बिरेन्द्र लाल कर्ण | धनुषा | पूर्व केन्द्रिय सदस्य |
| १४ | नारायण राउत | भोजपुर | पूर्व केन्द्रिय सदस्य |
| १५ | इन्द्र बहादुर तामाङ्ग | सिन्धुपाल्चोक | पूर्व जिल्ला अध्यक्ष, जिविस उपसभापति |
| १६ | राज कुमार भट्टराई | सिन्धुपाल्चोक | पूर्व जिल्ला अध्यक्ष, शिक्षक परिषद |
| १७ | डम्बर बहादुर राई | भोजपुर | महाधिवेशन प्रतिनिधी |
| १८ | माधव पौडेल | सिन्धुपाल्चोक | जिल्ला कार्य समिति सदस्य |
| १९ | अर्जुन विक्रम थापा | सिन्धुपाल्चोक | पूर्व गाविस अध्यक्ष, बोडेगाउँ |
| २० | हरेन्द्र प्रसाद यादव | बारा | जिल्ला अध्यक्ष |
| २१ | रुप नारायण यादव | बारा | जिल्ला उपाध्यक्ष |
| २२ | भिखारी लाल यादव | बारा | जिल्ला सदस्य |
| २३ | भिखारी लाल यादव | बारा | जिल्ला सदस्य |

| सि.नं. | नाम, थर | जिल्ला | हालको पद |
|---|---|---|---|
| २४ | जिल्ला अध्यक्ष लक्ष्मी शुब्बा सहित जिल्ला कार्य समिति धनकुटाका सम्पूर्ण सदस्यहरु | धनकुटा | |
| २५ | राप्रपा धनकुटाका सम्पूर्ण नगर, गाउँ, क्षेत्रीय इकाइ समितिहरु | धनकुटा | |
| २६ | महेन्द्र बस्नेत | मोरङ | पूर्व जिल्ला सदस्य |
| २७ | गोपी ठकुरी | सिन्धुपाल्चोक | जिकास सदस्य |
| २८ | डोलनाथ आचार्य | सिन्धुपाल्चोक | गाउँपालिका उपाध्यक्ष |
| २९ | दबिबल तामाङ | सिन्धुपाल्चोक | नगरपालिका इकाइ सदस्य |
| ३० | मदन घिमिरे | धनकुटा | वरिष्ठ उपाध्यक्ष, राप्रपा प्रजातान्त्रिक युवक संगठन |
| ३१ | ध्रुव थापा | सिन्धुपाल्चोक | पूर्व युवक संगठन सदस्य |